# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३५ ) काठमाडौं, जेठ १७ गते २०४२ साल ( अतिरिक्ताङ्क ९

## भाग ३

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालयको सूचना

### नेपाल न्याय सेवा (श्रेणी विभाजन, भर्ना, सरुवा र बढुवा) (चौथो संशोधन) नियमावली, २०४२

नेपाल न्याय सेवा (श्रेणी विभाजन, भर्ना, सरुवा र बढुवा) नियमावली, २०२९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल निजामती सेवा ऐन, २०१३ को दफा ७ र ८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "नेपाल न्याय सेवा (श्रेणी विभाजन, भर्ना, सरुवा र बढुवा) (चौथो संशोधन) नियमावली, २०४२" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. नेपाल न्याय सेवा (श्रेणी विभाजन, भर्ना, सरुवा र बढुवा) नियमावली, २०२९ को नियम २ मा संशोधन : नेपाल न्याय सेवा (श्रेणी विभाजन, भर्ना, सरुवा र बढुवा) नियमावली, २०२९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः–

"(ख) "श्रेणी वा श्रेणीको तह" भन्नाले यस नियमावलीबमोजिम व्यवस्था गरिएको सेवाको श्रेणी वा श्रेणीको तह सम्झनुपर्छ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

३. मूल नियमावलीको नियम ३ मा संशोधन : मूल नियमावलीको नियम ३ को सट्टा देहायको नियम ३ राखिएको छः–

"३. सेवाको श्रेणी वा श्रेणीको तह र पद : (१) सेवामा देहायका श्रेणी रहनेछन् ।

(क) विशिष्ट,

(ख) प्रथम,

(ग) द्वितीय र

(घ) तृतीय ।

(२) सेवाको प्रथम श्रेणी र द्वितीय श्रेणीमा देहायका तह रहनेछन् ।

(क) प्रथम श्रेणी :–

(१) अतिरिक्त सचिव वा सो सरह र

(२) सह-सचिव वा सो सरह ।

(ख) द्वितीय श्रेणी :–

(१) उप-सचिव वा सो सरह र

(२) सहायक सचिव वा सो सरह ।

(३) उपनियम (१) र (२) बमोजिमको श्रेणी वा श्रेणीको तहमा अनुसूची-१ मा तोकिएका पदहरू रहनेछन् ।

(४) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूची-१ मा हेरफेर गर्न सक्नेछ ।"

४. मूल नियमावलीको नियम ७ मा संशोधन : मूल नियमावलीको नियम ७ मा रहेको "श्रेणीको" भन्ने शब्दको सट्टा "श्रेणी वा श्रेणीको तहको" भन्ने शब्दहरू राखिएका छन् ।

५. मूल नियमावलीको नियम ९ मा संशोधन : मूल नियमावलीको नियम ९ मा रहेको "श्रेणीको" भन्ने शब्दको सट्टा "श्रेणी वा श्रेणीको तहको" भन्ने शब्दहरू र "एकतह-मुनिका पदमा घटीमा पाँच वर्ष" भन्ने शब्दहरूको सट्टा "एकतह वा श्रेणीमुनिका पदमा घटीमा चार वर्ष" भन्ने शब्दहरू राखिएका छन् र सोही नियमको प्रतिबन्धात्मक वाक्यांश (ख) झिकिएको छ ।

६. मूल नियमावलीको नियम १० मा संशोधन : मूल नियमावलीको नियम १० को सट्टा देहायको नियम १० राखिएको छः–

"१०. कार्यक्षमताको आधारमा बढुवा गर्ने : (१) नियम ९ को अधीनमा रही सेवाका कर्मचारीहरूको बढुवा निजहरुको कार्यक्षमताको आधारमा हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) सेवाका कर्मचारीहरूको एक श्रेणी वा श्रेणीको तहबाट अर्को श्रेणी वा श्रेणीको तहमा बढुवा गर्दा निजहरूको कार्यक्षमताको मूल्याङ्कन गरी बढी अङ्क प्राप्त गर्ने कर्मचारीको पहिले बढुवा गरिनेछ।

तर समान कार्यक्षमता भएका कर्मचारीहरूको बढुवा नियम १५ मा निर्धारित गरिएअनुसारको सेवाको आपसी ज्येष्ठताको आधारमा गरिनेछ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस नियमावलीबमोजिम न्याय सेवा आयोगले प्रथम श्रेणीको सह-सचिव वा सो सरहको पदबाट अतिरिक्त सचिव वा सो सरहको पदमा बढुवाको सिफारिश गर्दा पूर्ति गर्नु पर्ने पद संख्याको कम्तीमा तेव्वर संख्यामा सम्भावित उम्मेदवार (उपलब्ध भएसम्म) को नाम सिफारिश गर्नेछ। त्यसरी सिफारिश गरिएका कर्मचारीमध्येबाट कार्य सम्पादन गर्न सक्ने क्षमता र उत्तरदायित्व वहन गर्ने क्षमताको आधारमा श्री ५ को सरकारले उपयुक्त उम्मेदवारलाई बढुवा गर्नेछ।"

७. मूल नियमावलीमा नियम ११क. थप : मूल नियमावलीको नियम ११ पछि देहायको नियम ११क. थपिएको छ :–

"११ क. न्यूनतम शैक्षिक योग्यताभन्दा माथिल्लो उपाधिसम्बन्धी व्यवस्था:

(१) निजामती सेवा नियमावली, २०२१ को नियम ३.५ को उप-नियम (६) को खण्ड (ख) को उपखण्ड (ख) को प्रयोजनको लागि सेवा प्रवेशको निमित्त तोकिएको न्यूनतम शैक्षिक योग्यताभन्दा माथिको सम्बन्धित उपाधि अनुसूची ३ मा तोकिएको स्नातकोत्तर उपाधिलाई लिइनेछ।

(२) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूची ३ मा आवश्यक संशोधन गर्न सक्नेछ।"

८. मूल नियमावलीको नियम १३ मा संशोधन : मूल नियमावलीको नियम १३ मा रहेको "तृतीय श्रेणीभन्दा माथिको" भन्ने शब्दहरूपछि "द्वितीय श्रेणीको सहायक सचिव वा सो सरह, उप-सचिव वा सो सरह र प्रथम श्रेणीको सह-सचिव वा सो सरहका पदहरूमा" भन्ने शब्दहरू थपिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

१०२

९. मूल नियमावलीको नियम १४ मा संशोधन : मूल नियमावलीको नियम १४ को उपनियम (१) मा रहेको "प्रथम र द्वितीय श्रेणीको रिक्त पदमा" भन्ने शब्दहरूको अघि "अतिरिक्त सचिव वा सो सरहको पदबाहेक" भन्ने शब्दहरू थपिएका छन् ।

१०. मूल नियमावलीको नियम १५ मा संशोधन : मूल नियमावलीको नियम १५ को,–

(१) उपनियम (१) मा रहेको "नियम १० को उपनियम (३) को प्रयोजनको लागि" भन्ने शब्दहरू झिकिएका छन् र सोही उप-नियममा रहेको "श्रेणीको कर्मचारीहरूको सो श्रेणीमा" भन्ने शब्दहरूको सट्टा "श्रेणी वा श्रेणीको तहको कर्मचारीहरूको सो श्रेणी वा श्रेणीको तहमा" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपनियम (२) को खण्ड (क) र (ख) मा रहेका "श्रेणीमा" भन्ने शब्दको सट्टा "श्रेणी वा श्रेणीको तहमा" भन्ने शब्दहरू राखिएका छन् ।

११. मूल नियमावलीको नियम १९ मा संशोधन : मूल नियमावलीको नियम १९ को सट्टा देहायको नियम १९ राखिएको छः–

"१९. कार्य सम्पादनसम्बन्धी प्रतिवेदन : सेवाका अधिकृतहरूको कार्य सम्पादनसम्बन्धी प्रतिवेदन निजामती सेवा नियमावली, २०२१ मा तोकिएको फाराममा भरिनेछ र त्यस्ता फाराम नियम २० बमोजिमको पदाधिकारीले न्याय सेवा आयोगमा पठाउनेछ । "

## अनुसूची–१

(नियम ३ को उप-नियम (३) संग सम्बन्धित)

### (क) राजपत्राङ्कित विशिष्ट श्रेणी

१. सचिव, कानून तथा न्याय मन्त्रालय
२. विशेष सचिव, कानून तथा न्याय मन्त्रालय (खारेज हुने)
३. रजिष्ट्रार, सर्वोच्च अदालत
४. मुख्य न्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय ।

### (ख) राजपत्राङ्कित प्रथम श्रेणी

अतिरिक्त सचिव वा सो सरह

१. अतिरिक्त सचिव, कानून तथा न्याय मन्त्रालय
२. अतिरिक्त रजिष्ट्रार, सर्वोच्च अदालत
३. अतिरिक्त न्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय ।

सह-सचिव वा सो सरह

१. अञ्चल न्यायाधीश, अञ्चल अदालत



९०६
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. सह-सचिव, कानून तथा न्याय मन्त्रालय
३. सह-न्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय
४. क्षेत्रीय न्यायाधिवक्ता, क्षेत्रीय कार्यालय
५. अध्यक्ष तथा सदस्यहरू, बागमती विशेष अदालत
६. रजिष्ट्रार, अख्तियार दुरूपयोग निवारण पुनरावेदन अदालत
७. तालीम प्रमुख, न्याय सेवा तालीम केन्द्र
८. कार्यकारी निर्देशक (कानून), जल तथा शक्ति आयोग
९. सह-रजिष्ट्रार, सर्वोच्च अदालत ।

(ग) राजपत्राङ्कित द्वितीय श्रेणी

उप-सचिव वा सो सरह

१. उप-सचिव, कानून तथा न्याय मन्त्रालय
२. कानून अधिकृत, (विभिन्न मन्त्रालयहरू)
३. जिल्ला न्यायाधीश, जिल्ला अदालत
४. उप-रजिष्ट्रार, सर्वोच्च अदालत
५. रजिष्ट्रार, क्षेत्रीय अदालत
६. अञ्चल न्यायाधिवक्ता, अञ्चल कार्यालय
७. उप-न्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय
८. अनुसन्धान अधिकृत
९. सचिव, न्यायिक समिति
१०. निजी सहायक, (प्रधान न्यायाधीशको कार्यालय)

सहायक सचिव वा सो सरह

१. सहायक सचिव, कानून तथा न्याय मन्त्रालय
२. सहायक रजिष्ट्रार, सर्वोच्च र क्षेत्रीय अदालत
३. सहायक कानून अधिकृत
४. सहायक अनुसन्धान अधिकृत
५. सहायक प्रमुख, न्याय सेवा तालीम केन्द्र
६. सहायक अञ्चल न्यायाधिवक्ता, क्षेत्रीय कार्यालय
७. सहायक न्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय
८. सम्पादक, नेपाल कानून पत्रिका
९. इजलास सहायक, सर्वोच्च र क्षेत्रीय अदालत ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०८

(घ) राजपत्राङ्कित तृतीय श्रेणी

१. शाखा अधिकृत
२. इजलास सहायक, अञ्चल र जिल्ला अदालत
३. जिल्ला न्यायाधिवक्ता
४. निजी सहायक, (मुख्य न्यायाधीशको कार्यालय, क्षेत्रीय अदालत)
५. श्रेस्तेदार, अञ्चल र जिल्ला अदालत
६. तहसीलदार, जिल्ला अदालत ।

अनुसूची–३

(नियम ११क. संग सम्बन्धित)

१. एल. एल. एम.
२. एम. एल.
३. कानूनमा स्नातकोत्तर डिग्री वा उपाधि ।

आज्ञाले,
ध्रुववरसिंह थापा
श्री ५ को सरकारको सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।